प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/२७

(बेलुका ५:०० बजे)

### ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा भएका कोभिड-१९ संक्रमितहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन कार्य (काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) भईरहेको छ।
- आज सिन्धुपाल्चोकमा ५, काठमाण्डौमा ३, धादिङमा ३, नुवाकोटमा १ र चितवनमा १ गरी बागमती प्रदेशमाथप १३ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।
- यस प्रदेशमा थप ३ कोभिड-१९ संक्रमितको मृत्यु पुष्टि भएको छ जसको विवरण निम्न बमोजिम रहेको छः
  - शंखमुल-१०, काठमाण्डौका मृगौला रोगको उपचारको क्रममा रहेका ६० वर्षिया पुरुष फोक्सोमा पानी जमेको कारण २०७७/०३/१६ मा पाटन अस्पतालमा भर्ना भई उपचार गर्ने क्रममा ३/१७ मा गरिएको पि सि आर परिक्षणको नतिजा पोजिटिभ आएको थियो; उपचारको क्रममा ३/२५ मा उहाँको दुखद् निधन भएको छ ।
  - गोकर्णेश्वर-४, काठमाण्डौका ५४ वर्षिया पुरुष जसमा मृगौलाको समस्या थियो उहाँ स्वास्थ्यमा समस्या (श्वासप्रस्वासमा समेत समस्या आएपछि काठमाण्डौ मेडिकल कलेजमा भर्ना हुनुभएको थियो र  गरिएको पि सि आर परिक्षणको नतिजा पोजिटिभ आएको थियो र उपचारको क्रममा २०७७/०३/२५ मा निधन भएको छ ।
  - पाँचपोखरी-६, सिन्धुपाल्चोकका ४५ वर्षिया पुरुष जसमा क्षयरोग थियो, उहाँ २०७७/०३/१८ मा क्षयरोगको उपचारको लागि पाटन अस्पतालमा भर्ना हुनुभएको थियो; ३/२२ मा उहाँको कोभिड-१९ को परिक्षण पोजिटिभ देखिएको थियो र उपचारको क्रममा ३/२५ मा उहाँको निधन भएको छ ।

  - दिबंगत आत्माले शान्ति पावस भन्ने कामना गर्दछौ र यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनहरुमा हार्दिक समबेदना ब्यक्त गर्दछौ ।

### ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ५ प्रतिशत (४.७%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ, र मृत्युमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएका ब्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि बिशेष साबधानी अपनाउनुपर्ने देखिएको छ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १६७१९ (१००%) | ७८३ (१००%) |
| निको भएको | ८४४२ (५०.५%) | २७३ (३४.८%)* |
| उपचाररत | ८२३९ (४९.३%) | ५०१ (६३.९%)* |
| मृत्यु भएको | ३८ (०.२%) | ९ (१.३%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/२७

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

- **बागमती प्रदेशमा आजको मिति सम्मको कोभिड-१९ संक्रमितहरुको महिला र पुरुषको संक्रमण को अनुपात यस प्रकार रहेको छः**




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०३/२७

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण

बागमती प्रदेशमा जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण यस प्रकार रहेको छः

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | 1363 | 251 | 82 | 270 | 133 | 10312 | 10010 | 302 | 5048 | **226** | |
| ललितपुर | 345 | 31 | 80 | 221 | 174 | 4630 | 4575 | 55 | 2538 | **69** | |
| भक्तपुर | 313 | 52 | 21 | 42 | 2 | 2192 | 2178 | 14 | 1723 | **44** | |
| रसुवा | 277 | 49 | 0 | 35 | 0 | 626 | 614 | 12 | 131 | **11** | |
| नुवाकोट | 1224 | 205 | 242 | 28 | 7 | 2991 | 2850 | 141 | 626 | **30** | |
| धादिङ | 1134 | 112 | 232 | 128 | 8 | 2977 | 2839 | 138 | 1164 | **129** | |
| चितवन | 2465 | 714 | 0 | 302 | 76 | 1825 | 1810 | 15 | 5605 | **100** | |
| सिन्धुली | 430 | 127 | 30 | 24 | 2 | 1190 | 1157 | 33 | 801 | **20** | |
| मकवानपुर | 406 | 102 | 512 | 35 | 6 | 1876 | 1856 | 20 | 1353 | **31** | |
| रामेछाप | 509 | 114 | 0 | 75 | 3 | 892 | 884 | 8 | 444 | **33** | |
| दोलखा | 1185 | 50 | 1 | 41 | 0 | 1654 | 1648 | 6 | 296 | **9** | |
| काभ्रे | 851 | 163 | 108 | 27 | 2 | 2577 | 2538 | 39 | 519 | **16** | |
| सिन्धुपाल्चोक | 908 | 191 | 83 | 70 | 19 | 1410 | 1398 | 12 | 1124 | **65** | |
| जम्मा | **11410** | **2161** | **1391** | **1298** | **432** | **35152** | **34357** | **795** | **21372** | **783** | |

श्रोत ;सम्बन्धित् जिल्ला र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार

हाल सम्म बागमती प्रदेशमा ११४१० वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २१६१ जना बस्दै आउनुभएको र १३९१ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२९८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ४३२ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३५१५२

जनाको आर डी टी परिक्षण गरिएकोमा ७९५ जनाको पोजेटिभ आएको छ र २१३७२ जनाको पि सि आर परिक्षण गरिएको छ।

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्या —९५३८

आज प्राप्त स्वाब संख्या – २०

आज परिक्षण भएको स्वाबको संख्या — ३५

आज परिक्षण भएको स्वाबको नतिजा —

पोजिटिभ – १, नेगेटिभ – ३४

परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या — २५

आज प्राप्त भएको स्वाब (नमुना) मध्ये रौतहटको १ नमुनाको नतिजा पोजिटिभ आएको छ ।

## ❖ महत्वपूर्ण अपडेट तथा थप जानकारीको सम्बन्धमा

- कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

  सामाजिक विकास मन्त्रालय बागमती (MOSD): http://mosd.p3.gov.np/

  स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MOHP): https://covid19.mohp.gov.np/

  स्वास्थ्य आपतकालीन व्यवस्थापन केन्द्र (HEOC): heoc.mohp.gov.np/

  इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD): edcd.gov.np/

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई